नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
म्याग्दी

प. सं :२०८३/०८४
सूचना नं १

मितिः २०८३/०४/०६

विषयः खुला चिठ्ठी/पत्र लेखन प्रतियोगिता सम्बन्धि सूचना ।

श्री जेन्जी पुस्ताहरु, सबै
म्याग्दी ।

उपरोक्त विषयमा नेपाल सरकारको मन्त्रीपरिषद्को मिति २०८२/१२/ १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीको बुदा नं २७ मा सरकारी सेवा घरमै उपलब्ध गराउने उद्धेश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी Government Courier Service का रुपमा विकास गरी पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्स लगायतका सरकारी कागजातहरु/सामाग्रीहरु घरमै पुर्याउने नीतिको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि यस कार्यालयद्धारा जेन्जी पुस्ताबाट म्याग्दी जिल्लाको भौगोलिक अनुकूलता र प्रशासनिक सुगमता समेतलाई दृष्टिगत गरी उत्कृष्ट एवं कार्यान्वयन योग्य सुझावको अपेक्षा सहित खुला चिठ्ठी/पत्र लेखन प्रतियोगिता आयोजना गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१.चिट्ठीको शिर्षकः- Government courier service मार्फत " घरघरमा हुलाक, मनमनमा हुलाक" कसरी बनाउने ।

२.कार्यक्रमको उद्देश्यः-

- Government courier service मार्फत हाम्रो हुलाकलाई राम्रो हुलाक कसरी बनाउने।
-जेन्जी पुस्ताको आवाजलाई बुलन्द गरी निर्णय प्रकियामा सहभागी गराउने ।
- आधुनिक सूचना प्रविधिको युगमा हुलाक सेवालाई विश्वसनीय बनाई SMART POST बनाउनका लागि जेन्जी पुस्ताबाट सुधारको खोजी गर्नु।
- डिजिटल समाजमा हुलाक टिकट तथा चिठ्ठीको महत्व बुझाउनु ।
- चिठ्ठी लेखन सिप र सिर्जनशिलताको विकास गर्नु ।

३. प्रतियोगितामा सहभागिताः- म्याग्दी जिल्ला स्थित जेन्जी पुस्ताहरु सबै

४. चिट्ठीको शब्द सीमाः चिट्ठी ५००-८०० शब्द लेख्नुपर्नेछ ।

५. चिट्ठीको भाषाः चिट्ठी नेपाली भाषामा लेख्नुपर्नेछ ।

६.उमेर समुहः सन् १९९७ देखि सन् २०१२ सम्म जन्मिएका ।

७ प्रतियोगितामा सहभागिता हुने प्रक्रियाः प्रतियोगितामा सहभागी हुन ईच्छुक जेन्जी पुस्ताले आफूले लेखेको चिट्ठीको साथ आफ्नो नाम थर, ठेगाना, र उमेर खुल्ने कागजात (जन्मदर्ता / नागरिकताको प्रतिलिपि) संलग्न गरी जिल्ला हुलाक कार्यालय, म्याग्दी लाई सम्बोधन गरी रु १० को हुलाक टिकट टाँसी हुलाक कार्यालय मार्फत हस्तलिखित चिठ्ठी पठाउनुपर्नेछ ।

८ चिट्ठी पठाउने अन्तिम मितिः प्रतियोगितामा सहभागी हुन ईच्छुक जेन्जी पुस्ताले आफ्नो चिठ्ठी मिति २०८३/०५/६ गते सम्म पायक पर्ने अतिरिक्त हुलाक कार्यालय/पालिका हुलाक कार्यालय / जिल्ला हुलाक कार्यालय मध्ये कुनै एक हुलाकमा दर्ता गर्नुपर्नेछ ।

९.मूल्याङ्कनका आधारः

- चिट्ठी/पत्र प्रचलित ढाँचामा हुनुपर्नेछ ।
- चिठ्ठी/पत्र हस्तलिखित र मौलिक हुनुपर्नेछ ।
- चिठ्ठी /पत्रमा सामान्यतया कार्यान्वयनयोग्य १० सुझाव समेटिएको हुनुपर्नेछ ।
- कम्तीमा १० वटा चिठ्ठीपत्र प्राप्त नभएमा पुनः सूचना प्रकाशन गरिनेछ ।

९. पुरस्कारः प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई देहायबमोजिम पुरस्कार प्रदान गरिनेछ ।

क) प्रथम रु ७०००/- ( सात हजार, प्रमाणपत्र र विभिन्न दरका हुलाक टिकट रु १०० बराबरको )
ख) द्वितीय रु ३०००/-( तिन हजार, प्रमाणपत्र र विभिन्न दरका हुलाक टिकट रु १०० बराबरको)
ग) तृतीय रु २०००/-(दुई हजार, प्रमाणपत्र र विभिन्न दरका हुलाक टिकट रु १०० बराबरको)

२०८३/०४/६

रमेश थापा
हुलाक अधिकृत

थप जानकारीको लागिः खरिदार श्री रुपा शर्मा (मोलाईल नं ९८४७६७५९३७)